# ग्रेटर अस्टिन नेपाली सोसाईटी (ग्यान्स)

## Greater Austin Nepali Society (GANS)

# विधान (Bylaws)

| स्वीकृत या परिमार्जन भएको | सम्मेलन | मिति |
|---|---|---|
| १ | प्रथम अधिवेशन | फेब्रुअरी १५, २०१५ |
| २ | दोश्रो अधिवेशन | जनवरी १५, २०१७ |
| ३ | तेश्रो अधिवेशन | फेब्रुअरी १०, २०१९ |
| ४ | चौथो अधिवेशन | मे १६, २०२१ |
| ५ | सातौं बार्षिक साधारण सभा | सेप्टेम्बर २५, २०२२ |

## भाग १: प्रस्तावना (Preamble)

अस्टिन, टेक्सस, अमेरिका आसपासका क्षेत्रमा स्थायी रुपमा बसोवास गर्ने हामी सम्पूर्ण नेपालीहरुले

- आफ्नो समूदायको उच्च पहिचान कायम राख्न,
- नेपाली कला र संस्कृतिको संरक्षण र सम्वर्द्धन गर्दै विभिन्न सामाजिक कृयाकलाप मार्फत सामुदायिक हक हितको प्रवर्द्धन गर्न,
- कुनैं प्रकारको लिंग, धर्म, क्षेत्र, जाती वा राजननीतिक आस्थाको आधारमा भेदभाव नगरी ब्यक्तिगत स्वतन्त्रता र समानताको सम्मान गर्दै आपसी भातृत्व र सामाजिक एकतालाई सुदृढ गर्न र
- अन्य नेपाली या गैर नेपाली समुदाय र तीनका आ-आफ्ना संस्कृतिहरुको स्वतन्त्र तथा शान्तिपूर्ण सह-अस्तित्वको सम्मान गर्दै आपसी भाइचारा सम्बन्धको विकाश तथा साँस्कृतिक आदान-प्रदान गर्न सेप्टेम्बर १५, २०१३ मा गठन भएको यो नाफारहित विशुद्ध सामाजिक संस्था ग्रेटर अस्टिन नेपाली सोसाईटीलाई बिधिसम्मत संचालन गर्न तयार पारिएको यो शंसोधित विधान ग्यान्सको सातौं बार्षिक साधारण सभा सेप्टेम्बर २५, २०२२ ले पारित गरेपछि लागु हुनेछ ।

# भाग २: शब्दार्थ

बिषय या प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा प्रयोग गरिएका शब्दहरु:

१)  'ग्यान्स' (GANS) भन्नाले ग्रेटर अस्टिन नेपाली सोसाईटीलाई बुझिन्छ ।


२)  ग्यान्क (GANCSC) भन्नाले ग्रेटर अस्टिन नेपाली सामुदायिक तथा आध्यात्मिक केन्द्र (Greater Austin Nepali Community & Spiritual Center) बुझिन्छ । यसलाई छोटकरीमा ग्यान्स सामुदायिक केन्द्र पनि भन्न सकिन्छ ।

३)  'विधान' (Bylaws) भन्नाले ग्यान्सको अधिवेशन या बार्षिक साधारण सभाद्वारा पारित सबै सदस्यहरु र संस्थालाई लागू हुने नियम या कानुनको दस्तावेजलाई बुझिन्छ ।

४)  'सदस्य' भन्नाले ग्यान्सको विधान अनुसार सदस्यता दर्ता भएको व्यक्तिलाई बुझिन्छ ।

५)  'नेपाली' भन्नाले ग्रेटर अस्टिन क्षेत्रमा बसोबास गर्ने सवै नेपाली मूलका नेपाली भाषीलाई बुझ्नु पर्दछ चाहे उनीहरु भुटान, बर्मा, भारत या संसारको कुनैं पनि देशको नागरिकता (Citizenship) अपनाएका होउन् या तीनका सन्तानहरु होउन् ।

६)  'ग्रेटर अस्टिन' भन्नाले अस्टिन र यसका आसपासका क्षेत्रहरुलाई बुझिन्छ । टेक्सस आफैंमा ठूलो भएको, डालस, ह्युस्टन र सानआन्टोनियोमा ग्यान्स जस्तै स्थानीय सामुदायिक संगठनहरु कृयाशिल भैरहेको अवस्थामा ब्यवहारिक आवश्यकताका आधारमा निम्नानुसार १९ वटा काउन्टीहरु रहेको मध्य टेक्सस क्षेत्रलाई यस संगठनको विधान अनुसारको ग्रेटर अस्टिन क्षेत्र निर्धारण गरिएको छ:




McLenan, Falls, Coryell, Bell, Milam, Burleson, Robertson, Brazos, Lampasas, Burnet, Williamson, Lee, Travis, Bastrop, Blanco, Hays, Caldwell, Comal and Guadalupe.

७) ‘कार्यकारी समिति’ भन्नाले ग्यान्सको सम्मेलनद्वारा निर्वाचित र विधानको भाग ६ को (ख) बमोजिम मनोनितहरुको समुहलाई बुझिन्छ जसले ग्यान्सको आधिकारिक नेतृत्वदायी भूमिका निर्वाह गर्दछ ।

८) ‘संचालक समिति’ भन्नाले ग्यान्सको एउटा महत्वपूर्ण परियोजनाको रुपमा रहेको ग्रेटर अस्टिन नेपाली सामुदायिक तथा आध्यात्मिक केन्द्र (GANCSC) को खरिद, निर्माण, संरक्षण, संवर्धन र संचालन गर्ने जिम्मेवारी बोकेको यस बिधान बमोजिम गठित नेतृत्वदायी निकायलाई बुझिन्छ ।

९) ‘चन्दादाता’ भन्नाले संस्थालाई निस्वार्थ रुपमा आर्थिक या भौतिक सहयोग गर्ने कुनैं ब्यक्ति या कानुनी रुपमा स्थापित संस्थालाई बुझिन्छ ।

## भाग ३: नाम तथा परिभाषा (Name and Definition)

यस संस्थाको नाम ‘ग्रेटर अस्टिन नेपाली सोसाइटी’ (Greater Austin Nepali Society) हुनेछ र यसलाई छोटकरीमा ‘ग्यान्स’ (GANS) भन्न सकिन्छ । ग्यान्स कुनैं पनि राजनीतिक या अरु संगठनहरुसँग आबद्धता नरहेको एक स्वतन्त्र नाफारहित सामुदायिक संगठन (Community Organization) हो ।

## भाग ४: लोगो (Logo)

संगठनको यो लोगो संगठनको प्रतीक चिन्ह हो जसले संस्थाको नाम, परिचय र यसको गरिमालाई समेत प्रतिविम्वित गर्नेछ । यसमा प्रयोग गरिएको रंग निलो, रातो र सेतो नेपाल र अमेरिका दुवै देशका झण्डामा प्रयोग भएको रंगको विशेष महत्व छ । यसमा भएको ताराले टेक्सस राज्यको झण्डालाई पनि प्रतिविम्वित गर्छ । नेपालको झण्डाको सुर्य र चन्द्र तथा नेपालको नक्सालाई समेत यसमा समेटिएको छ ।

## भाग ५: सदस्यता (Membership)

साधारण सदस्यता तथा आजीवन सदस्यता गरी २ किसिमका सदस्यताको ब्यवस्था गरिएको छ ।

(क) **साधारण तथा आजीवन सदस्य**

संगठनको विधान तथा उद्देश्य र अमेरिकी कानूनसँग सहमत हुने ग्रेटर अस्टिन क्षेत्रमा बसोबास गर्ने १८ बर्ष उमेर पुगेका नेपालीहरुले तोकिएको विवरणहरु खुलाएर कार्य समितिले तोकेको आवश्यक शुल्क तिरी साधारण या आजीवन सदस्यता लिन सक्नेछन् ।

(ख) **सदस्यका अधिकार र सिमा**

(१) कुनैं किसिमको पक्षपात् या भेदभाव बिना सबै सदस्यहरुको संगठनको बिधान र अमेरिकी कानुनमा आधारित रहेर आफ्ना कुराहरु राख्ने, छलफल गर्ने र संगठनको नेतृत्व चुन्ने र चुनिने जस्ता सबै अधिकारहरु (विधान या संस्थाको निर्णयले सिमित गरेको बाहेक) हुने छन् । विना पक्षपात संगठनबाट उसले पाउनु पर्ने सेवा सुविधा र सहयोग पाउनेछ । तर अधिकारको प्रयोग पूर्ण शिष्टता, मर्यादा र विधान तथा कानून अनुकूल हुनुपर्ने छ ।

(२) ग्यान्स कार्य समितिको अध्यक्षको उम्मेदवार हुन सामुदायिक केन्द्रको ट्रस्टी हुनका साथै कम्तिमा एउटा कार्यकाल कार्य समितिमा काम गरेको अनुभव हुनुपर्ने छ । यसमा संगठनले पछि पद पूर्ती गरेकोले पनि मान्यता पाउने छ तर कार्य काल पुरा हुनु अगावै कार्वाहीमा परी निश्काशन भएको या कार्य काल पूरा हुन अगावै छाडेको ब्यक्ति पनि अध्यक्षको उम्मेदवारको लागि योग्य हुने छैन ।

(३) नेपालको कुनैं राजनीतिक दल या त्यसको भातृ संगठनसित आवद्धता भएको ब्यक्ति कार्य समितिको कुनै पनि पदमा उम्मेदवार बन्न या मनोनित हुन सक्ने छैनन् ।

(४) ग्यान्स कार्य समितिको सदस्य लगायत सबै पदमा उम्मेदवार हुन संगठनको आजिवन सदस्य अनिवार्य हुनेछ र यसको साथै अध्यक्ष, उपाध्यक्ष, महासचिव, सचिव र कोषाध्यक्ष हुन सामुदायिक केन्द्रको ट्रस्टी भएको हुनु पर्नेछ ।

**(घ) सदस्यताको खारेजी**

(१) बसाई सरी ग्रेटर अस्टिन क्षेत्र भन्दा अन्यत्र गएमा साधारण तथा आजिवन सदस्यता स्वत खारेज हुनेछ । तर आजीवन सदस्यको हकमा मानार्थ सदस्यको रुपमा रहनेछ जसको हैसियत चुन्ने चुनिने अधिकार बाहेक सबै कुरा सम्मानार्थ रहनेछ ।

(२) यदि कुनै सदस्यको ब्यवहार ग्यान्सको बिधान र मान्यता विपरित भएको ठहर भएमा या कुनैं सदस्यको अनैतिक या आपराधिक कृयाकलापमा संलग्न भएको प्रमाणित भएमा कार्य समितिले उसको सदस्यता खारेज गर्न सक्छ । तर यस्तो अवस्थामा सम्वन्धित पक्षलाई पूर्ण सुनुवाईको मौका दिनु पर्नेछ ।

**(ङ) सदस्यता पुन प्राप्ति**

(१) सदस्यता खारेज भएको ब्यक्तिले सदस्यता पुन पाउँ भनी लिखित निबेदन दिएमा कार्य समितिले आवश्यक छानविन गरी पुन सदस्यता फिर्ता गर्ने बारे निर्णय गर्न सक्नेछ ।

# भाग ६: ग्यान्स कार्य समिति (Executive Committee)

**(क)** **परिभाषा:**

कार्य समिति संस्थाको जिम्मेवार कार्यकारी नेतृत्व हो । हरेक २ बर्षमा हुने अधिवेशनमा हुने स्वतन्त्र तथा निश्पक्ष निर्वाचन मार्फत यो निर्वाचित हुनेछ । निर्वाचित कार्य समिति निम्नानुसार हुनेछः

अध्यक्ष–१, उपाध्यक्षहरु –२, महासचिव–१, सचिव–१, कोषाध्यक्ष–१ र सदस्यहरु–९ जना गरी जम्मा १५ जना ।

**(ख)** **कार्य समितिमा मनोनयन:** कार्य समितिले आवस्यकता ठानेमा ६ जनासम्म सदस्यहरु मनोनयन गर्न सक्नेछ । यसरी जम्मा संख्या २१ सम्म हुन सक्नेछ । यस्तै कुनै कारणबस कुनैं पद रिक्त हुनगएमा पनि कार्य समितिको बैठकले उक्त पदपूर्ति गर्न सक्नेछ ।

**(ग)** **कार्य अवधि:** कार्य समितिको कार्यकाल २ बर्षको हुनेछ । तर बिशेष परिस्थिती सिर्जना भएमा बढीमा ६ महिनासम्म एक पटकको लागि मात्र कार्य समितिको बैठकले म्याद थप गर्न सक्नेछ ।

**(घ)** **पदपूर्ती:** कुनैं कारणबस अध्यक्षको पद रिक्त हुन गएमा २ उपाध्यक्ष मध्ये एकलाई सर्बसम्मती या समितिको बहुमतले अध्यक्षको पदपूर्ति गरिनेछ । अन्य पदहरुको हकमा कार्य समितिको बैठकले आफ्नो निर्णय लिन सक्नेछ ।

**(ङ)** **जिम्मेवारी:** ग्यान्स कार्य समितिले संस्थाको उद्देश्य प्राप्तिका लागि विधानको पालना गर्दै र गराउदै समाजको एकता र हितलाई सर्वोपरी राखी संगठनलाई अनुशासित तथा मर्यादित ढंगले संचालन गर्नु पर्नेछ । यसमा ब्यक्तिगत तथा सामुहिक जिम्मेवारीको कुरा हुन्छ । यहाँ ब्यक्तिगत जिम्मेवारीलाई सामान्य रुपमा तल चर्चा गरिएकोछ :

**अध्यक्ष:**

- संगठनको मूख्य नेतृत्वदायी भूमिका निर्वाह गर्दै सामाजिक एकता, संगठनको प्रतिष्ठा र सामाजिक कामहरुको प्रमुख जिम्मेवारी लिने ।
- कार्य समितिको बैठक र विभिन्न सभा सम्मेलनहरुको अध्यक्षता गर्ने ।
- योजना, निर्णय तथा कार्यान्वयनमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।
- संगठनले बिशेष रुपमा तोकेका सबै कामहरु गर्ने ।
- संगठनका सबै काम कार्वाहीहरुको अनुगमन गर्ने ।

**उपाध्यक्ष:**

- अध्यक्षको अनुपस्थितिमा अध्यक्षका सबै कामहरु गर्ने ।
- संगठनका सबै कामहरुको अनुगमन तथा सहयोगी भूमिका निर्वाह गर्ने ।

- संगठनले बिशेष रुपमा तोकेका सबै कामहरु गर्ने ।

**महाँसचिवः**

- योजना, निर्णय तथा कार्यान्वयनमा नेतृत्वदायी भुमिका निर्वाह गर्ने ।
- बैठक बोलाउने, माईन्युट लेख्ने तथा सबै फाईल तथा रेकर्डहरु चुस्तदुरुस्त राख्ने ।
- संगठनले बिशेष रुपमा तोकेका सबै कामहरु गर्ने ।

**सचिवः**

- महासचिवको अनुपस्थितिमा महासचिवका सबै कामहरु गर्ने ।
- संगठनका सबै कामहरुको अनुगमन तथा सहयोगीको रुपमा भूमिका निर्वाह गर्ने ।
- संगठनले बिशेष रुपमा तोकेका सबै कामहरु गर्ने ।

**कोषाध्यक्षः**

- संगठनका आर्थिक योजनाहरु तथा आर्थिक ब्यबस्थापन गर्ने ।
- आर्थिक आय ब्यय तथा जिन्सी सामानको पारदर्शी हिसावकिताव या लेखा राख्ने, लेखा परीक्षण गराउने र हरेक बर्ष आर्थिक प्रतिवेदन सार्वजनिक गर्ने ।
- **आर्थिक पारिदर्शिता संगठनको मेरुदण्ड भएको हुँदा यसका लागि आवश्यक परेमा कुनैं प्राविधिकको या टिमको सहयोग लिएर भए पनि आर्थिक अनुसाशन र पारदर्शिता कायम राख्ने जिम्मेवारी कोषाध्यक्षको हुनेछ ।**
- संगठनले बिशेष रुपमा तोकेका सबै कामहरु गर्ने ।

**सदस्यः**

- संगठनका नीति तथा कार्यक्रमलाई संगठनको उद्देश्य अनुरुप लागु गराउन हरतरहले सहयोग गर्ने ।
- संगठनले बिशेष रुपमा तोकेका सबै कामहरु गर्ने ।

## भाग ७ः विभागहरु (Departments)

ग्यान्स कार्य समितिले आफ्नो कामको आवश्यकता अनुसार शिक्षा विभाग, खेलकुद विभाग, साहित्य तथा संस्कृति विभाग, स्वास्थ्य विभाग, महिला विभाग जस्ता कुनैं पनि विभागहरु बनाउन सक्नेछ । कार्य समितिको विघटन सँगै यी विभागहरुको पनि विघटन हुनेछन् ।

## भाग ८: ग्रेटर अस्टिन नेपाली सामुदायिक तथा आध्यात्मिक केन्द्र

## (Greater Austin Nepali Community and Spiritual Center - GANCSC)

नेपाली भाषा, धर्म र संस्कृतिको जगेर्ना गर्ने, सिंगो समुदायलाई समेट्दै तीनका हरेक समस्या र आवश्यकताहरुमा साथी बन्ने, मर्दा पर्दा सरसहयोग गर्ने उद्देश्यले स्थापित ग्रेटर अस्टिन नेपाली सोसाईटीकै उद्देश्य र सबै सामाजिक गतिविधिहरुलाई ब्यवस्थित गर्न हिन्दु बौद्ध मन्दिर सहितको सामुदायिक केन्द्र खरिद, निर्माण, सुधार र संचालन समेत गर्दै जाने उद्देश्य सहितको यो ग्यान्सको एउटा महत्वपूर्ण परियोजना हो 'ग्रेटर अस्टिन नेपाली सामुदायिक तथा आध्यात्मिक केन्द्र' । यसलाई ब्यवस्थित रुपमा संचालन गर्ने उद्देश्यले संचालक समिति र उप समितिहरु गठन गरिने छ। आवश्यकता अनुसार थप नियमावलीहरु बनाउने र ब्यवहारिक रुपमा आवश्यक परे ग्यान्सकै एउटा महत्वपूण अंगको रुपमा रहने गरी प्रशासनिक दर्ता गर्न समेत सकिने छ।

### (क) ग्रेटर अस्टिन नेपाली सामुदायिक तथा आध्यात्मिक केन्द्र संचालक समिति र उप समितिहरुः

सामुदायिक तथा आध्यात्मिक केन्द्रलाई बिशिष्ट र ब्यवस्थित ढंगले संचालन गर्न ट्रस्टीहरुको बैठकबाट ट्रस्टीहरु बिचबाट संयोजक १, उप संयोजक १, सचिव १ (ग्यान्स कार्य समिति अध्यक्ष पदेन), कोषाध्यक्ष १, र सदस्यहरुमा ग्यान्स कार्य समितिका उपाध्यक्षहरु, महासचिव, सचिव र कोषाध्यक्ष पदेन तथा उप समितिका प्रमुखहरु रहेको ग्रेटर अस्टिन नेपाली सामुदायिक तथा आध्यात्मिक केन्द्र संचालक समिति गठन हुनेछ। यसलाई ग्यान्स सामुदायिक तथा आध्यात्मिक केन्द्र संचालक समिति पनि भन्न सकिन्छ। यसको कार्यकाल २ बर्षको हुनेछ। सामुदायिक तथा आध्यात्मिक केन्द्रको काम प्रति सामुदायिक केन्द्र समितिको नैं मुख्य जिम्मेवारी हुनेछ र ग्यान्स कार्य समितिले यसमा समन्वय र सहयोग गर्नु पर्नेछ। हरेक बर्ष हुने ग्यान्सको बार्षिक साधारण सभामा संचालक समितिको कार्य प्रगति प्रतिवेदन र आर्थिक प्रतिवेदन पेश गरी छलफल गराई पारित गराउनु पर्ने छ। साथै हरेक ३ महिनामा आर्थिक हिसाव किताबको प्रतिवेदन संस्थाको वेवसाईटमा पारदर्शी रुपमा सार्वजनिक रुपमा राख्नु पर्नेछ। सामुदायिक तथा आध्यात्मिक केन्द्र संचालक समितिका सबै र उप समितिहरुमा प्रमुख अनिवार्य ट्रस्टी हुनु पर्नेछ, तर उप समिति सदस्यहरुका हकमा ग्यान्सको सदस्य पनि हुन सक्ने छन् ।

### (ख) ट्रस्टी, मानार्थ ट्रस्टी र चंदादाताः

संगठनले तोकेको विधि, प्रकृया र सहयोग रासी बुझाई सामुदायिक केन्द्रलाई विशिष्ट ढंगले सहयोग पुऱ्याउन चाहने कोही पनि ब्यक्ति या उसको परिवारलाई ट्रस्टी बन्न चाहेमासंचालक समितिको निर्णयबाट ट्रस्टी बन्न सक्ने छन् । ट्रस्टीको मतलव सहयोग रासी मात्र नभई विधान अनुसार ग्यान्कको समृद्धीका लागि सकारात्मक भुमिकाको प्रतिवद्धता पनि भएकाले उक्त प्रतिवद्धतामा रहन नचाहने तर आर्थिक सहयोग मात्र गर्नेहरु ट्रस्टी नभई चन्दादाता हुने छन् । एक पटक ट्रस्टी भनि निर्णय भैसकेकालाई पनि सम्वन्धितको ईच्छा बमोजिम ट्रस्टीबाट चन्दादाता बनाउन सकिनेछ। यसमा ग्रेटर अस्टिन वाहिर रहने ट्रस्टीहरु मानार्थ ट्रस्टी हुने

छन् जसलाई ब्यवहारिक रुपमा संचालक समितिमा राखिने छैन । ट्रस्टीहरु यस केन्द्रका लागि संरक्षकको भुमिकामा रहनेछन् ।

### (ग) बोर्ड अफ ट्रस्टीः


सम्पूर्ण ट्रस्टी तथा मानार्थ ट्रस्टीहरुको समुहलाई बोर्ड अफ ट्रस्टी भनिन्छ र यसको नेतृत्व संचालक समितिको नेतृत्वले नैं गर्ने छ । नियमित काम कार्वाहीका लागि संचालक समितिले आफ्ना नियमित बैठकहरुबाट गर्न सक्ने छ । तर सम्पूर्ण ट्रस्टीहरु सहितको बैठक कम्तिमा ६ महिनाको एक पटक बस्नु पर्नेछ, साथै कुनैं महत्वपूर्ण निर्णय गर्दा यस्तो पूर्ण बैठकले गरेको राम्रो मानिने छ ।

### (घ) ग्यान्स कार्य समिति र संचालक समिति विचको अन्तरसम्वन्धः

(१) यी दुई अलग अलग संगठन या संस्था होइनन्, बरु एउटै संस्था ग्रेटर अस्टिन नेपाली सोसाईटीका अलग अलग जिम्मेवारी र भुमिकामा जिम्मेवार समितिहरु हुन् । सामुदायिक केन्द्र ग्यान्सको एउटा महत्वपूर्ण स्थायी प्रकृतिको परियोजनाको रुपमा रहिरहनेछ जसलाई अघि बढाउने जिम्मेवारीमा संचालक समिति रहनेछ भने संस्थाको बिधान मुताविकका सम्पूर्ण काम र जिम्मेवारीमा ग्यान्स कार्य समिति रहनेछ ।

(२) ग्यान्सको आधिकारिक प्रतिनिधित्व र कार्यकारी कार्यभार ग्यान्स कार्य समितिको नैं हो । ग्यान्क संचालक समितिको कार्य क्षेत्र या जिम्मेवारी सामुदायिक तथा आध्यात्मिक केन्द्रको निर्माण, सुधार या संभार र संचालन या ब्यवस्थापनमा सिमित हुनेछ । तर संचालक समितिले यो उसको आफ्नो काम निर्वाध ढंगले विना कसैको हस्तक्षेप गर्न पाउने छ र ग्यान्स कार्य समितिको भुमिका यसमा सहयोगी हुनेछ । सामुदायिक केन्द्रसित प्रत्यक्ष सम्वन्धित कुनैं पनि निर्णय ग्यान्स कार्य समितिले एक्लै गर्ने छैन । बरु कुनैं विषयमा छलफल र निर्णय गर्न आवश्यक ठानिएमा संचालक समिति र कार्य समितिको संयुक्त बैठक बस्न सकिनेछ । सामुदायिक केन्द्र संचालक समितिले पनि ग्यान्स कार्य समितिले गर्ने सबै नियमित गतिविधीहरुमा कुनैं हस्तक्षप र अवरोध गर्ने छैन, बरु सहयोग गर्ने छ । आफ्नो कार्य क्षेत्र भन्दा बाहिर गएर संचालक समितिले कार्य समितिले गर्ने जस्ता कुनैं कार्यक्रमको आयोजना पनि गर्ने छैन र सोही बमोजिम कार्य समितिले संचालक समितिको काममा हस्तक्षेप गर्ने छैन ।

(३) ग्यान्क संचालक समितिको गठन आम ट्रष्टीहरु बिचबाट हुनेछ । यसमा आर्थिक सहयोग, समय, अनुभव र बुद्धि खर्च गर्न आउने स्वयंसेवीहरुको हैसियत सधैं उच्च सम्मानार्थ हुनेछ । ग्यान्स कार्य समितिले पनि यसको मर्यादालाई कायम राखि राख्न र प्रोत्साहन गर्न भुमिका खेल्नेछ । ग्यान्स कार्य समितिलाई सम्पूर्ण गतिविधीहरु गर्न आवश्यक पूर्वाधारहरु तयार गरि दिन लागि परेको ग्यान्स सामुदायिक केन्द्र संचालक समति र ग्यान्स कार्य समिति विचको सम्वन्ध नंग र मासुको जस्तै हुनेछ र एक आपसमा सहयोगी हुनेछ । ग्यान्स संचालक समिति ग्यान्सको एउटा महत्वपूर्ण परियोजना हो जुन सम्पूर्ण ट्रष्टिहरु र आम ग्यान्स सदस्यहरु प्रति जवाफदेही हुनेछ । तर यो ग्यान्स कार्य समितिको मातहतमा बनेको विभाग जस्तो भने हैन । यसलाई तलको चार्टले प्रष्ट पार्न सक्छ ।




# भाग ९: बैठक प्रकृया तथा कमिटी पद्धती

## (Meeting Procedure and Discipline)

(क) कुनैं पनि समितिहरुको बैठक हरेक ३ महिनामा कम्तिमा एक पटक, बार्षिक साधारण सभा बर्षमा १ पटक र २ बर्षमा अधिवेशन (सम्मेलन) गर्नु पर्नेछ। हरेक अधिवेशनले नयाँ नेतृत्वको चयन गर्नेछ र यसलाई नैं बार्षिक साधारण सभा सरह मानी साधारण सभाले गर्ने काम समेत यसैमा गर्नु पर्नेछ।

(ख) कार्य समिति र संचालक समिति लगायत समिति या विभागहरुको बैठक र बैधानिकता (validity) का लागि कम्तिमा जम्मा सदस्य संख्याको ५१ प्रतिशत उपस्थिती भएको हुनुपर्दछ, जसलाई कोरम पुगेको बैठक भनिन्छ। परिस्थितीबस उपस्थित हुन नसक्नाको कारण जनाई निर्णय सहमती जनाइएको लिखित जानकारीलाई प्रोक्सी (proxy) गणना गरिनेछ। तर आम सदस्यहरुको बार्षिक साधारण सभा र आम ट्रष्टिहरुको बैठक कार्यकारी समिति प्रकृतिको नभएकोले सूचना राम्रोसित गरिसकेपछि जे जस्तो उपस्थिती हुन्छ, त्यसैलाई बैध मान्यता दिईनेछ।

(ग) बैठक बोलाउदा छलफलका विषयहरु सहितको लिखित जानकारी समयमा सबैलाई गराइएको हुनु पर्नेछ। बिषयको गम्भिरता अनुसार आवस्यक छलफल र विचार विमर्श गरेर उचित र सर्बसम्मत निर्णयहरु गर्नुपर्नेछ। प्रयत्न गर्दागर्दै पनि बिशेष कारणबस सर्बसम्मत हुन नसकेमा बहुमतले निर्णय गर्न सकिनेछ तर बैठक भित्रका असहमतीहरु संगठनको गरिमालाई आँच आउनेगरी बाहिर लैजान पाइने छैन। संगठनको निर्णय मान्न र लागु गर्नु सबैको अनिवार्य कर्तब्य हुनेछ। समिति भित्रको एकता, मित्रता र सौहाद्रतालाई उच्च प्राथमिकतामा राखिनेछ।

(घ) बिना जायज कारण ३ पटक सम्म बैठकमा अनुपस्थित हुने या संगठनको अनुशासनमा बस्न नसक्ने कुनै पदाधिकारी या सदस्यलाई कार्य समितिको निर्णयबाट बिदा गरी उक्त पदपूर्ती गर्नुपर्नेछ।

# भाग १०: बार्षिक साधारण सभा र अधिवेशन

## (Annual General Meeting & Convention)

**(क) परिभाषा:**

सम्पूर्ण सदस्यहरु सहभागी हुनसक्ने र संगठनको नीति सिद्धान्त र नेतृत्वको बारेमा छलफल गर्ने अधिकार सम्पन्न भेला हरेक बर्ष गर्नु पर्ने हुन्छ जसलाई बार्षिक साधारण सभा भनिन्छ तर यही भेलालाई हरेक २ बर्षमा ग्यान्स कार्य समितिको निर्वाचन सहित सम्पन्न गर्नु पर्ने भएको हुँदा यसको नाम अधिवेशन हुनेछ । यसमा अनिवार्य रुपमा कार्य समितिको तर्फबाट आर्थिक हर हिसाव सहित प्रगति प्रतिवेदन छलफलका लागि प्रस्तुत गरी पारित या निर्णय गर्नु पर्ने हुन्छ । कार्य समितिको तर्फबाट या कोही पनि सदस्यले विधान संशोधन या अन्य विषयमा प्रस्ताव दर्ता गराउन सक्नेछन् र त्यस उपर छलफल गराई प्रजातान्त्रिक विधिबाट निर्णय टुंगो लगाउनु पर्ने हुन्छ । अधिवेशनमा यी सब काम कार्वाहीका साथै पुरानो कार्य समितिलाई विगठन गरी नयाँ कार्य समितिको लागि निर्वाचन गरिनेछ । हुन लागेको अधिवेशन या बार्षिक साधारण सभालाई सुरु भए देखि पहिलो, दोश्रो, तेश्रो गर्दै संख्यात्मक तोक्नु पर्ने छ, जसमा गणना गर्दा बार्षिक साधारण सभालाई हरेक बर्ष गणना गर्ने तर अधिवेशनलाई हरेक २ बर्षमा गणना गरिनेछ ।

**(ख) निर्वाचन आयोग:**

निर्वाचन हुनु ३ महिना अगावै कार्य समितिको बैठकले ३ देखि ५ सदस्यीय निर्वाचन आयोग गठन गरी सम्मेलनको सार्वजनिक सूचना गर्नेछ । निर्वाचन आयोगको जिम्मेवारी स्वतन्त्र तथा निश्पक्ष निर्वाचन सम्पन्न गर्ने हुनेछ । यसको लागि बिधानसम्मत आवश्यक निर्णय गर्न यो स्वतन्त्र र अधिकारसम्पन्न हुनेछ । कार्य समितिले यसलाई आवश्यक सहयोग गर्नेछ । निर्वाचन आयोगले २ महिना अगावै निर्वाचनका कार्यक्रमहरु प्रकाशित गरिसक्नुपर्नेछ ।

**(ग) सपथ:** कार्य समितिका पदाधिकारीहरुले निम्नानुसार सपथ लिनुपर्नेछ:

**'म ........................................ इश्वर तथा नेपाली समाजलाई साक्षी राखी यो सपथ ग्रहण गर्दछु कि सामाजिक सेवा जस्तो पवित्र काम गर्ने उद्देश्य बोकेको यस ग्रेटर अस्टिन नेपाली सोसाइटीको कार्य समिति पदाधिकारीको गरिमामय पद ग्रहण गरिरहदा मैंले यस संस्थाको विधान र भावना विपरित कहिल्यै कुनैं गतिविधी गर्ने छैन । कुनै पनि ब्यक्तिगत, राजनीतिक या गुटगत स्वार्थ भन्दा माथि उठेर सदैव यस संस्था र नेपाली समाजको हक र हित प्रवर्द्धनमा नैं मेरो ध्यान तथा योगदान रहिरहनेछ ।'**

## भाग ११: बिधानको परिपालना तथा अपरिवर्तनीय कुरा (Application & Unchangeable of Bylaws)

यस बिधानको प्रस्तावनामा उल्लेखित संगठनको मुल उद्देश्यमा असर पर्ने गरी कुनै पनि हिसावले विधान संशोधन या ब्याख्या गर्न पाइने छैन र यस विधानमा कुनैं पनि संशोधन गर्नु परेमा उपयुक्त अध्ययन टिम बनाई रामरी छलफल परामर्श गराई बार्षिक साधारण सभा या अधिवेशनमा प्रस्ताव प्रस्तुत गरी छलफल गराई प्रजातान्त्रिक बिधिबाट पारित या निर्णय गराइनु पर्दछ। प्रस्तावित संशोधित बिधान कम्तिमा एक हप्ता अघि सार्वजनिक गरिनु पर्नेछ। यसरी परिवर्तन गर्न खोजिएका धाराहरु अधिवेशन पछिदेखि मात्र लागु हुनेछन्। साधारण सभा या अधिवेशन चलिरहेको अवस्थामा विद्यमान बिधानका धाराहरु अक्षरस लागु हुनेछन्। यस बिधानसँग सम्वन्धित कुनैं विषय अमेरिकी कानुनसित बाझिन गएमा स्वत खारेज हुनेछ।

**यदि बिधानको परिपालना गर्ने सम्वन्धमा कमि कमजोरी भएमा या बिबाद सिर्जना भएमा ग्यान्सका पुर्व नेतृत्व र अगुवाहरु समेतलाई राखि बैठक बसेर समाधान गर्नु पर्ने छ। यस्तो बैठकको माँग कम्तिमा १० जनाले लिखित रुपमा गरेमा पनि कार्य समितिले यस्तो बिस्तारित बैठक बोलाउन बाध्य हुनु पर्नेछ।**

धन्यवाद।